यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ९ ○अंक ४९ ○श्रेणी 'क' ○२०७३ मंसिर २ गते बिहीबार ○ 17 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

### कांग्रेसको भातृसंस्था तरुणदलमा नेताहरूको भागवण्डा

## अध्यक्षमा देउवापक्षका बस्नेत

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ मंसिर ।**

नेपाली कांग्रेसको भातृ संस्था नेपाल तरुण दलको चौथो महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्ने काम नेताहरुबीचको भागवण्डाका आधारमा सकिएको छ । महाधिवेशनले केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरु सबै चयन गर्नुपर्नेमा कांग्रेसभित्र देखिएका प्रमुख ४ गुटबाट एक-एक जनालाई दलको केन्द्रीय पदाधिकारी चयन गरेर महाधिवेशनको प्रक्रिया टुङ्ग्याइएको हो । जसअनुसार कांग्रेस सभापति शेरबहादुर देउवा निकटका जीतजंग बस्नेतलाई अध्यक्ष बनाइएको छ भने पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल निकटका भूपेन्द्रजंग शाहीलाई दलको महासचिवको जिम्मेवारी दिइएको छ । यसैगरी कांग्रेस नेता कृष्णप्रसाद सिटौला पक्षका उत्तमकुमार चापागाईंलाई उपाध्यक्ष र नेता खुमबहादुर खड्का निकटका विद्वान गुरुङलाई कोषाध्यक्षको जिम्मेवारी दिइएको छ । गुरुङलाई देउवा पक्षको भनेर चिनिएको भएपनि उनी खड्काको भागमा कोषाध्यक्ष बनेको बताइन्छ । बाँकी पदाधिकारी र कार्यसमिति सदस्यहरु काठमाडौं आएपछि थप्ने बताइएको छ । पदाधिकारी चयनका लागि सहमति मंगलबारै भएको भएपनि नामावलीलाई बुधबार मात्रै अन्तिम रुप दिइएको हो । तीन वटै समूहलाई समायोजन गर्ने भन्दै छलफल लम्बिएपछि तिन दिनमा सकिने भनिएको महाधिवेशन पाँच दिनमा सकिएको हो । सिटौला समूहले प्रक्रियामार्फत मनोनयन खुला नै नगरी अघि बढेको भन्दै आपत्ति जनाएको थियो । सिटौला समूहले विधि र विधानलाई ख्याल गर्न भनेपछि संशोधित र परिमार्जित विधान अनुरुप तरुण दल केन्द्रीय कार्यसमितिका बाँकी पदाधिकारी र सदस्यहरु चयन केन्द्रीय निर्देशक समितिको बैठकले गर्ने सहमति भएसँगै नेतृत्व घोषणा



भएको बताइएको छ । तरुण दलको अध्यक्षमा निर्वाचित बस्नेत ललितपुर, उपाध्यक्ष चापागाइँ भोजपुर, महासचिव शाही कासलकोटका र कोषाध्यक्ष गुरुङ पर्वतका हुन् । महाधिवेशनले ६१ सदस्यीय कार्यसमितिबाट बढाएर ९५ सदस्यीय बनाइएको छ । खुला २३, प्रदेशबाट २८ महिला ७, आदिवासी ४, मधेसी ४ दलित ३, अल्पसंख्यक पिछडावर्ग ३ सहिद परिवार १ थारु, १ मुस्लिम १ जना मनोनित हुने गरी विधान संशोधन गरिएको निवर्तमान अध्यक्ष उदय शमसेर राणाले जानकारी दिए ।

३ दिनसम्म चल्ने भनिएको महाधिवेशनको पाचौं दिन बुधबार नेपाली कांग्रेसद्वारा गठित निर्देशक समितिले पत्रकार सम्मेलनको आयोजना गरि नेतृत्व चयन भएको जानकारी दिइएको हो ।

पत्रकार सम्मेलनमा कांग्रेस केन्द्रीय सदस्य एवं निर्देशन समितिका संयोजक बालकृष्ण खाँडले खाँणले पार्टीलाई सशक्त र बलियो बनाउन पार्टीको तरुण सेनाको रुपमा रहेको तरुण दलमा सबै शीर्ष नेताबीच चुनाव नगराउने र सहमतिमै नेतृत्व छान्ने सल्लाहबमोजिम पदाधिकारी चयन गरिएको उनले बताए । शनिबार महाधिवेशन उद्घाटन गर्न आएका पार्टी सभापति देउवा, वरिष्ठ नेता पौडेल, कृष्णप्रसाद सिटौला लगायत शीर्ष नेता बुधबार नै काठमाडौ फर्किसकेका छन् ।

नेपाल तरुण दलका केन्द्रीय निर्देशन समितिका संयोजक बालकृष्ण खाँणले पोखरामा सम्पन्न दलको चौथो राष्ट्रिय महाधिवेशनले पार्टीको एकतालाई थप सुदृढ बनाएको बताएका छन्। संयोजकले मुलुकको वर्तमान राजनीतिक परिस्थितिमा पार्टीको आन्तरिक एकता मजबुत बन्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी पार्टी नेतृत्व र प्रतिनिधिको भावनालाई मनन गरी सर्वसम्मत नेतृत्व चयन गरिएको जानकारी दिए।

उनले महाधिवेशनमा अध्यक्षको प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित भई विधान संशोधनलगायतका प्रस्ताव निर्देशन समितिमा पठाउने निर्णय भएको र महाधिवेशन सफलतापूर्वक सम्पन्न गराएकोमा तरुण दलका केन्द्रीय अध्यक्ष एवम् सदस्य, सहभागी प्रतिनिधि सबैलाई धन्यवाद व्यक्त गरे। उनले नेपाल तरुण दलको विधान (संशोधित र परिमार्जित) बमोजिम दलको केन्द्रीय समितिका बाँकी पदाधिकारी र सदस्यको चयन केन्द्रीय निर्देशन समितिको आगामी बैठकबाट गरिने जानकारी दिए। रक्षामन्त्री एवं तरुण दलका पूर्व अध्यक्षसमेत रहेका नेता खाँणले काठमाडौं फर्केलगत्तै पोखरामा निर्माणाधिन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कार्यलाई तीव्रताका साथ अघि बढाउन पहल गर्ने विश्वास व्यक्त गरे।

चौथो महाधिवेशनबाट नवगठित नेपाल तरुण दलका केन्द्रीय अध्यक्ष जीतजङ्ग बस्नेतले समाजमा विद्यमान विकृति विसङ्गतिका विरुद्धमा सङ्घर्ष गर्दै आगामी दिनमा नवीनतम सोचका साथ दलको सङ्गठन देश र समाजको हितमा क्रियाशील बन्ने बताए। उनले देशमा मौलाउँदै गएको भ्रष्टाचारको अन्त्य गर्न आफूले पहल गर्ने बताए । अहिले जताततै भ्रष्टाचार मौलाउँदै गएको भन्दै उनले देशमा शान्ति, सुशासनबिना विकास हुन नसक्ने बताए ।

आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्न संविधान कार्यान्वयन र स्थानीय तहको निर्वाचन सफल पार्न तरुण दल लागिपर्ने उनले बताए । 'पार्टीलाई बलियो बनाउन लाग्नेछु,' उनले भने, 'मलाई पार्टीका शीर्ष नेता र तरुण कार्यकर्ताले विश्वास गरेर नेतृत्व दिनुभएको छ । विश्वासलाई कतै दाग लाग्न दिन्न । लोकतन्त्र र पार्टीको रक्षाको निम्ति म सधैं प्रतिबद्ध रहनेछु ।' नेपाल तरुण दलका निवर्तमान अध्यक्ष उदयशम्शेर राणाले पोखरा महाधिवेशनलाई सम्पन्न गराउन महत्वपूर्ण सहयोग गर्ने पार्टी सभापतिसहित दलका नेता, निर्देशन समितिका संयोजक एवम् सदस्य, कार्यसमितिका सदस्य, सञ्चारकर्मी सबैमा आभार व्यक्त गरे।

## मणिपाल मेडिकल कलेज सुचारू

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ मंसिर ।**

झन्डै तीन महिनादेखि एमबिबिएसको पढाई ठप्प बनेको मणिपाल मेडिकल कलेजमा बिहीबारदेखि पढाई सूचारु हुने भएको छ । अभिभावकको पहलमा स्थानीय प्रशासनको अगुवाईमा आन्दोलनरत र कलेज प्रशासन पक्षबीच बिहीबार भएको छलफलले विभिन्न ४ बुँदे सहमतिसाथ पढाइ निरन्तरताको निर्णय गरेको हो ।



तलब वृद्धिलगायत मागसहित प्राध्यापक, शिक्षक गत भदौ ६ गतेदेखि आन्दोलित बनेर पढाई ठप्प पारेका थिए । यसबाट करीव ३ सय विद्यार्थी क्लिनिकल र सैद्धान्तिक पढाइबाट बञ्चित थिए । लामो समय पढाइ नहुँदा सेमेस्टर नै गुम्ने हो की भन्ने त्रास उनीहरुलाई थियो । तलब वृद्धि, करारका शिक्षकलाई स्थायी गर्नुपर्ने र सार्वजनिक बिदामा गरेको कामको अतिरिक्त पारिश्रमिक (सट्टा बिदा) पाउनुपर्ने माग गर्दै प्राध्यापक र कर्मचारीले पढाइ ठप्प बनाएका थिए ।

समय सापेक्षरुपमा तलब वृद्धि गर्न कलेज व्यवस्थापन सहमत भएको छ । साथै करार शिक्षकको स्थायीका लागि प्रचलित कानून, शिक्षा मन्त्रालय, काठमाडौं विश्वविद्यालय र श्रम विभागसँग राय सुझाव लिएर २ महिनाभित्र अघि बढ्ने, सट्टा बिदाको हकमा विश्वविद्यालय र श्रम विभागको सुझाव संलग्नतामा टुंगोमा पुर्‍याउने निर्णय भएको छ । त्यस्तै प्राध्यापकका मागलाई वैज्ञानिक ढंगले सम्बोधन गर्न कलेज व्यवस्थापनको बाध्यतासमेत अध्ययन गरी समस्याको समाधान गर्न सबै पक्ष सहमत भएको र बिहीबारदेखि कक्षाहरु संचालन गर्ने निर्णय भएको हो ।

'हाम्रो अनुरोधलाई स्विकार्दै प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले चासो देखाएर तत्काललाई समस्याको समाधान पनि भएको छ,' अभिभावक मुकुन्द आचार्यले भने-'समस्याको समाधानमा सहयोग पुर्‍याउन काठमाडौं विश्वविद्यालय, शिक्षा मन्त्रालय र श्रम विभागमा समेत अभिभावकले अनुरोध गर्ने भन्ने पनि छलफल भएको छ ।' प्राध्यापक र प्रशासनबीच उत्पन्न मनमुटावले समस्या आएको भन्दै उनले यसप्रति शिक्षा मन्त्रालय र विश्वविद्यालयले चासो देखाएर आवस्यक पहल गर्नुपर्ने बताए । बिहीबारको सहमतिपछि विद्यार्थी खुशी भएका छन् ।

लामो समयदेखि आन्दोलनरत र कलेज व्यवस्थापन पक्षबीच समस्या समाधानका लागि वार्तासमेत हुन सकेको थिएन । यसबाट सातौं र नवौं सेमेस्टरका (तेस्रो र चौथो वर्षका) ३ सय विद्यार्थी प्रत्यक्ष मारमा परेका थिए ।

कलेजमा नेपालीलगायत भारत, श्रीलंका र माल्दिभ्सका विद्यार्थी पढ्छन् । प्रजिअ मैनालीले सबै पक्षबीच छलफल गराएर सहमति भएको बताए। 'अभिभावक र विद्यार्थीसमेत प्रशासनमा आएका थिए,' उनले भने-'बिद्यार्थीको भविष्यप्रति चासो दिँदै आवश्यक पहल गरेका हौं ।'

डेढ सय शिक्षकमध्ये ५५ जना आन्दोलनमा उत्रिएका थिए । कलेजले आन्दोलन गर्ने निश्चित समुहसँगमात्र वार्ता नगरी सबै शिक्षकसंग सामुहिक वार्ता गर्ने भनेको तर आन्दोलित पक्षले आफूहरुसंगमात्रै वार्ता गर्नुपर्ने अडान लिएकाले वार्ता हुन सकेको थिएन ।

बिहीबारको छलफलमा आन्दोलनरत पक्षबाट नेतृत्वकर्ता डा. दीपक कोइराला, कृष्णचन्द्र रिजाल, कृष्ण सापकोटा र दिपेश कार्की सहभागी थिए । यसैगरी मनिपाल व्यवस्थापनबाट डीन बिएम नागपाल, मानव संसासधन तथा प्रशासन प्रमुख भानु भारद्वाज, सौरभ नारायण र जीवनाथ न्यूरे र अभिभावकमा मुकुन्द आचार्य, बाबुराम पन्त, जगनबहादुर गुरुङ र विश्वप्रकाश लामिछाने सहभागी थिए ।

## पाचौं सिटी रेवान महोत्सव आजदेखि

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ मंसिर ।**

सिटी रेवान महोत्सवमा तथा फुड फेष्टिवल २०७३ मा नेपाल टेलिकमबाट प्रदान हुने प्रिपेड मोवाइलको सिम कार्ड निःशुल्क प्रदान गरिने भएको छ । सिटी रेवान पोखरा कास्कीको आयोजनामा मंसिर २ देखि १२ गतेसम्म पोखरामा संचालन हुने महोत्सबको अवलोकन गर्न जाने दर्शकले टेलिकमको प्रिपेड सिम कार्ड निःशुल्क पाउने भएका हुन् । महोत्सवमा प्रवेश शुल्क ८० रुपैयाँ रहेको छ भने टेलिकमले प्रदान गर्ने उक्त सिम कार्डमा ५० रुपैया व्यालेन्स हुने छ ।

सिमकार्ड लिनको लागि दर्शकले आफ्नो परिचय खुल्ने नागरिकताको वा कुनै परिचयपत्रको फोटोकपी र पासवोर्ड साइजको फोटो साथमा लैजानु भने पर्ने छ ।

पोखरा रङ्गशालामा संचालन हुने पाँचौं महोत्सवको सबै तयारी पुरा भएको जानकारी गराउन मंगलबार महोत्सव स्थलमा आयोजना भएको पत्रकार सम्मेलनमा उक्त कुराको पनि जानकारी गराईएको हो। महोत्सवमा बैंकिङ, लत्ता कपडा, सुचना प्रविधि, रेष्टुरेण्ट लगायतका एक सय ४ वटा स्टलहरु रहेको पोखरा सिटी रेवानका अध्यक्ष केपी शर्मा पाध्याले बताए।

पर्यटन प्रवर्द्धन एवं लोक संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले विगत ४ बर्षदेखि निरन्तर रुपमा उक्त महोत्सवलाई आयोजना गर्दै आएको अध्यक्ष पाध्याले बताए । 'पर्यटन प्रवर्द्धन संगसंगै' भन्ने नारा सहित आयोजना हुने महोत्सवमा बजार मूल्य भन्दा सहुलियतमा एउटै रेष्टुरेण्टबाट खानाका परिकार पाईने भएको छ । आयोजकले एउटा रेष्टुरेण्टबाटै पहिले नै मेनु तयारी गरी खानाका परिकारहरु पस्कने तयारी गरेको पाध्याले बताए । उनले भने-'मेला र महोत्सवमा दर्शकहरुले खानामा महङगो हुने गरेको गुनासो भएकोले हामीले यस पटक आयोजकबाटै व्याबस्थापन हुने गरी रेष्टुरेण्ट संचालन गरेका हौं ।' महोत्सवलाई थप आकर्षण बनाउन अन्तर समाज दोहोरी गीत, ढिडो खाने प्रतियोगिता, पप कन्सर्ट, राष्ट्रिय चर्चित हाँस्य कलाकारको प्रस्तुति, २५ देखि ४० वर्ष उमेरसम्मका एकल महिला नृत्य र रत्यौली प्रतियोगिताको आयोजना गरिने पाध्यले जनाए ।

महोत्सव ८० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ । महोत्सव सम्पन्न गर्नका लागि ३९ लाख ८५ हजार खर्च हुने र ४४ लाख ५५ हजार आम्दानी हुने अनुमान गरिएको महासचिव दिपक तिमिल्सिनाले बताए।

महोत्सवबाट बचेको रकमबाट १० प्रतिशत पर्यटन प्रवर्द्धन र पाँच प्रतिशत असहाय बालबालिकाको लागि सहयोग गर्ने उनले जनाए। महोत्सव उद्घाटनको पूर्व सध्यामा सृजनाचोकबाट विहान १० बजे पछि झाँकी सहितको र्‍याली महोत्सव स्थलमा पुग्ने भएको छ ।

## गण्डकी-धौलागिरीका उत्कृष्ट करदाता सार्वजनिक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ मंसिर ।**

पाचौ राष्ट्रिय कर दिवसको अबसरमा पोखरामा कर सप्ताह सुरु भएको छ । कर दिवस तथा कर सप्ताहको अवसरमा बुधवार पोखरामा प्रभातफेरी निकालिनुको साथै गण्डकी र धौलागिरीका उत्कृष्ट करदाताको नाम समेत सार्वजनिक गरिएको छ। कर सप्ताह उद्घाटनको अवसरमा पोखरा सभागृहबाट सुरु भएको प्रभातफेरी विभिन्न स्थानको परिक्रमा सहित आन्तरिक राजश्व कार्यालयको प्रांगणमा पुगेर टुङ्गिएको थियो । प्रभातफेरीमा पोखरा र लेखनाथका उद्योगी व्यवसायीको सहभागिता थियो । प्रभातफेरीमा सहभागीले कर तिरौं आत्मसम्मानको अनुभूति गरौ, गौरबको साथ तिरौं कर, संबृद्ध राष्ट्र हाम्रो रहर लेखिएका प्ले कार्ड र ब्यानर बोकेका थिए ।




प्रभातफेरीपछि आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीले गण्डकी र धौलागिरी क्षेत्रका उत्कृष्ट ९ करदाताको नाम सार्वजनिक गरे । आर्थिक बर्ष २०७१/७२ मा उत्कृष्ट कर सहभागिता जनाइ बढी कर दाखिला गर्ने करदाता मध्येबाट जिल्लागत रुपमा सार्वजनिक गरिएको विवरण अनुसार कास्कीमा विदशी नागरिक मार्कस अलेक्जेन्डर चार्ल्स कटनद्वारा सञ्चालित टाइगर माउण्टेन प्रालि अग्रस्थानमा छ ।

त्यस्तै तनहुँको गण्डकी ट्रेड सप्लायर्स, स्याङजाको कालिका माइक्रोक्रेडिट डेभलपमेण्ट बैंक लिमिटेड , बाग्लुङको जय कालिका भगवती निर्माण सेवा प्रालि, मुस्ताङको अमित बिल्डर्स, लम्जुङको कृषक जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, गोरखाको मनास्लु बिकास बैंक लिमिटेड, पर्वतको नमूना आवासिय माध्यामिक विद्यालय र म्याग्दीको कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड उत्कृष्ट करदाता घोषित भएका छन् । कर प्रशासन,कर सचेतना तथा सहभागिता तथा सञ्चालनमा सहयोग पुर्‍याउने संस्था मध्येबाट लेखनाथ उद्योग वाणिज्य संघ र पर्वत उद्योग वाणिज्य संघलाई सम्मान गरिने भएको छ । उत्कृष्ट कर्मचारी तर्फ नासु रविन्द्र विकलाई सम्मान गरिने भएको छ । उत्कृष्ट करदाताहरु लाई कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते सम्मान गरिनेछ । आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत लेखनाथ शर्माका अनुसार गण्डकी र धौलागिरीका १० जिल्लामा एक लाख ९ हजार २ सय ८८ करदाता छन् । व्यवसायिक प्यानमा दर्ता भएका ६८ हजार ५ सय २७ छन् भने व्यक्तिगत प्यानमा दर्ता भएका ४० हजार ७ सय ६१ जना छन् । त्यसमध्ये भ्याटमा दर्ता भएका ११ हजार २ सय ८४ छन् । कार्यालयले आर्थिक बर्ष २०७२/७३ मा पाँच अर्व २ करोड २६ लाख राजश्व अशुलीको लक्ष्य राखेकोमा ५ अर्व ४३ करोड १० लाख राजश्व अशुली गरेको छ । लक्ष्यको तुलनामा १०८.१ प्रतिशत राजश्व संकलन भएको कार्यालयका प्रमुख कर अधिकृत शर्माले बताए । त्यस्तै चालु आर्थिक बर्ष २०७३/०७४ मा ५ अर्व ८२ करोड ४६ लाख राजश्व संकलनको लक्ष्य राखिएकोमा कार्तिक मसान्तसम्म दुई अर्व १ करोड २७ लाख संकलन भएको छ । कर सप्ताह अन्तर्गत करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम, कार्यालयस्तरीय डवल ब्यडमिन्टन प्रतियोगिता, कर सम्बन्धी अन्तर्क्रिया र संवाद तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम हुनेछन् ।



■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# राजनीतिमा विकृति

यसै साताको थालनी एउटा माओवादी घटकले आह्वान गरेको बन्दबाट भएको थियो। बन्दका क्रममा जनजीवन त्रस्त, आतंकित र अस्तव्यस्त भयो। निजी र सार्वजनिक गाडी तोडफोड गरियो। त्यसपछि माओवादीकै अर्को घटकसँग सम्बद्ध विद्यार्थी संगठनले काठमाडौं विश्वविद्यालयका उपकुलपतिको कार्यालयमा तोडफोड गर्‍यो 'सगर्व' घोषणा पनि गर्‍यो। मंगलवार रौतहटमा नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालका विरुद्ध नारावाजी गर्ने मधेसी दलका कार्यकर्ता र एमालेका कार्यकर्ताबीच झडप भएको छ। यी सबै राजनीतिसँग सम्बन्धित संस्था वा व्यक्तिबाट भए गरिएका र नेपालमा सामान्य लाग्ने घटना हुन्। तर, यस्ता घटनाका कारण मुलुकको छवि बिग्रनेमात्र हैन नेपाली समाजमा विकृति नै संस्कृतिका रूपमा स्थापित हुने जोखिम बढेको छ। हुनत, नेपाली समाजका सबै वर्ग र समुदायमा व्यावसायिक धर्म छाड्नै बहुमत देखिन थालेको छ। सामन्ती संस्कारमा चरम उपभोक्तावादी प्रवृत्तिको 'फ्युजन' ले नेपाली समाजलाई संस्कारगतरूपमै क्षयोन्मुख बनाउँदै लगेको छ। संस्कारगत विकृति सबैभन्दा धेरै राजनीतिमा देखिन्छ। यसैले अरू क्षेत्रबाट पनि अपसंस्कार हट्ने वा कम हुने अपेक्षा गर्न सकिँदैन। किनभने, संस्कारमा सुधार हुन नेपालीजस्तो परम्परागत समाजमा शासकीय आचरण आदर्श हुनुपर्छ। र, शासनलाई सही बाटामा डोर्‍याउने राजनीतिले नै हो। तर, नेपालका राजनीतिक दलका नेताहरूले भने राजनीतिको अर्थ र उद्देश्य नै फरक पर्नेगरी विचार र व्यवहार प्रस्तुत गरेका छन्। राजनीतिक आवरणमा हुने 'ब्ल्याकमेलिङ' र असहिष्णु व्यवहार सबै राजनीतिक दलका साझा प्रवृत्ति बनेका छन्। राजनीतिक आवरणमा हुने अपराध दण्डहीन हुनुपर्छ भन्ने कुविचार यस्तै नेताहरूको मूल मानसिकता बनेको छ। माथिका घटना त प्रतिनिधिमूलक दृष्टान्तमात्र हुन्। लोकतन्त्रमा सबैको विरोध गर्न पाइन्छ। आफ्ना कार्यसूचीमा जनसमर्थन जुटाउन प्रचारप्रसारका विभिन्न विधि र उपाय अपनाउन पनि पाइन्छ। बन्द र हड्ताल पनि आह्वान गर्न पाइन्छ। यस्ता सबै स्वतन्त्रता संविधानबाटै सुनिश्चित गरिएका हुन्छन्। सरकारकै विरोधमा आयोजना गरिएको विरोध प्रदर्शनमा समेत राज्यले नै प्रदर्शनकारीको स्वतन्त्रताको सुरक्षा गर्नुपर्छ। तर, यी सबै काम शान्तिपूर्वक र अरूको हक हनन नहुने गरी भए गरिएमा मात्र राज्यले स्वतन्त्रताको रक्षा गर्छ। अरूको निजी वा सार्वजनिक स्वतन्त्रता र सुरक्षामा प्रतिकूल प्रभाव पर्नेबित्तिकै विधिको शासन भएको मुलुकमा कानुन बमोजिम कारबाही हुन्छ। अनिमात्र शासन पद्धति लोकतन्त्र कहलिन सक्छ। नेपाली समाज सचेत र लोकतान्त्रिक हुँदो हो त जबर्जस्ती थोपरिएको बन्दको अवज्ञा गर्दै सडकमा उत्रेर आवागमन लगायत स्वतन्त्रताको रक्षा गर्नेथियो। सरकारले बलपूर्वक बन्द गराउने र त्रास फैलाउनेहरूविरुद्ध कानुनी कार्वाही गर्नेथियो र सार्वजनिक तथा व्यक्तिगत क्षतिको पूर्ति बन्दकर्ताबाट गराउने थियो। त्यसैगरी, काठमाडौं विश्वविद्यालयका उपकुलपतिको कार्यालयको तोडफोड नेपालको कानुनअनुसार सरकारवादी फौजदारी कसुर भएकाले सत्तारुढ माओवादी केन्द्रसँग सम्बद्ध विद्यार्थी संगठनमाथि प्रहरीले आफैं नै कारबाही सुरु गर्थ्यो। रौतहटका निर्वाचित सांसद पनि हुन् माधवकुमार नेपाल। उनलाई जिल्लामा निर्वाचन क्षेत्र सम्बन्धी विषयमा बैठक गर्दा अवरोध गर्नु लोकतान्त्रिक आचरण मान्न सकिँदैन। आफ्नो पक्षबाहेक अरूलाई निषेध गर्ने अधिनायकवादी प्रवृत्ति अहिले मधेसी दलका नेता कार्यकर्तामा बढी नै देखिँदै गएको छ। कम्युनिस्टहरू प्रकारान्तरले 'फासिस्ट' शैलीमा दीक्षित हुन्छन्। सैद्धान्तिक जग नभएकाले हो कि मधेसी दलका नेता कार्यकर्तामा पनि फासिस्ट प्रवृत्ति प्रतिको मोह बढ्दै गएको छ। अधिनायकवादीहरूले यस्तै अराजक अवस्थालाई पिछडिएको समाजमा लोकतन्त्र अभ्यासमा आउन सक्तैन भन्छन्। तर, लोकतन्त्रको जग निरन्तरको प्रयोगमा बसेको हुन्छ। लोकतान्त्रिक संस्कारको विकास भएमा अधिनायकवादीको मनोरथ स्वतः भग्न हुन्छ। यसैले राजनीतिक अपसंस्कारको दूरगामी दुष्प्रभावबाट समाज र मुलुकलाई बचाउन नागरिक स्वयं सततः जागरुक हुनुपर्छ। स्वतन्त्रता निकै महंगो पो हुन्छ त।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर २ गते बिहीबार, तदनुसार नोबेम्बर १७ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको चतुर्थी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ५३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २५ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १० मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**वृष** : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।

**मिथुन** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

**कर्कट** : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

**सिंह** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**कन्या** : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

**तुला** : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ, दिन शुभ छ।

**वृश्चिक** : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदैशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन्।

**धनु** : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक एवम् व्यक्तिगत काममा सक्रियता बढनेछ।

**मकर** : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकान बढ्नेछ।

**कुम्भ** : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

**मीन** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# हैसियत जनताको खोज्ने कि नेताको ?



✍ विनोद न्यौपाने

मानवीय हैसियतको अध्ययन सन् १९७० भन्दा अगाडिदेखि नै सुरुभएको हो। यसलाई विकासका आधार, मानवीय स्वतन्त्रता, अधिकारका लागि आधारभूत आधार भनी विश्लेषण, व्याख्या र प्रयोग संयुक्त राष्ट्रसंघदेखि धेरै संघ सस्थाले गरेका छन्। नाजीवाद, फासिवाद, माओदेखि राममनोहर लोहिया, नेहरुदेखि टिटो र बुत्रोस बुत्रोस घाली देखि थाली, चम्चा र कमिला सम्मको हैसियत भएको ब्रह्माण्डमा फेस बुक ( सामाजिक संजाल ) चलाउने नेपालीको हैसियत प्रधानमन्त्रीजस्तो गरिमामय पदमा बस्ने व्यक्तिले नदेखेकाले आँखा खुलाउन यस लेखबाट प्रयास गरिएको छ।

व्यक्ति र पार्टीका नेतृत्वकर्ताको धारणा, सिद्धान्त, नीतिजस्ता विषयवस्तु समातेर सूचकांक प्रयोग गरी उसको हैसियत नाप्न सकिन्छ। समाजमा यसको अमर्त्य सेन, मार्था नुस्बमहरूले प्रयोग गरे। व्यक्तिले कसरी आफ्नो सामाजिक व्यवस्थापन गरेको छ ? सामाजिक बदलावसँगै आफ्ना व्यक्तिगत नीति, योजना कसरी बुनेको छ र बुन्दै जानेछ ? यो समय र स्थानको सुगठन (**Time Framing / Space Framing**) सँगसँगै जान्छ। मानवीय स्वभाव, धर्म, आनीबानी, बेहोरा, वैयक्तिक क्रियाकलाप, सामाजिक मूल्य र मान्यताप्रतिको लगाव, कानुनको शासन, प्रजात्रान्त्रिक पद्धतिको पालना, अरूको वैचारिक मूल्य र मान्यताप्रति सद्भाव र मानव अधिकार-बोल्ने, लेख्नेआदि राज्यको कानुनभित्र रहने आचरण सबै हैसियत भित्रै पर्छन। यो विषय वस्तुगत स्वतन्त्रता, गणत्रान्त्रिक-प्रजात्रान्त्रिक पद्धति भएका मुलुकमा मानवीय विकास र भूमिमाथि आर्थिक र सामाजिक क्रियाकलप गर्न बहुआयामिक तरिकाले हेर्ने अपरिहार्य तत्त्व वा आधारभूत धरातल हुन्। राणाकाल, पञ्चायत कालमा हाम्रा बोल्ने लेख्ने अधिकार सबैजसो खोसिएका थिए। त्यसैकारण हामीले शुक्रराज, धर्मभक्त, दशरथ चन्द, गंगालाल लाई गुमाउन पुग्यौं भने पञ्चायत कालमा सुखानीमा, इलाममा रत्नकुमारहरू, ओखलढुंगा काण्ड हुँदै यज्ञबहादुर थापाहरू अनि भीमानमा ऋषि देवकोटा गुमाउन पुग्यौ। अर्थात्, उनीहरू मारिए। हैसियत भन्नासाथ समाजशास्त्रीहरू साध्य र साधनमा प्रकाश पार्नुपर्छ वा कुन विषयवस्तुमाथि हैसियतको प्रश्न उठाइएको हो सूचकांक प्रयोग गरेर व्यक्तिदेखि समाजसम्मको आर्थिक, सामाजिक र राजनीतिक हैसियत पत्तो लगाउन सकिन्छ। एउटा गणत्रान्त्रिक मुलुकको प्रधानमन्त्रीले सामाजिक संजाल फेसबुक चलाउने सामान्य नेपाली नागरिकको सामाजिक संजाल चलाउने क्षमताको हैसियतमाथि प्रश्न गरेर प्रतिबन्ध लगाउन सकिनेजस्तो धारणा व्यक्त गरेको पत्रपत्रिकाबाट सार्वजनिक भएको छ।

**सामाजिक संजाल फेसबुक के हो त ?**

विद्यार्थी, महिला, बालबालिका, बृद्ध, युवाले सबैले आफ्ना विचार, धारणा, आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रका विषयवस्तुमा विचार पोख्ने, सिक्ने, ज्ञान लिने एउटा विश्वमै नाम कमाएको सामाजिक संजाल हो फेसबुक। के सामाजिक संजाल फेसबुक चलाउनेहरू हैसियत नभएकै हुन् ? संसारकै विश्व प्रसिद्ध विश्वविल्यालयदेखि विभिन्न संस्था र संस्थानहरू यसमा सक्रिय छन्। के यो चलाउन नेपाली नागरिकले 'हैसियत' बनाउनु पर्छ ? यत्रो देशकै अर्थतन्त्र (मूलतः रेमिट्यान्स पठाएर) थाम्ने, पूरै राणा, पंचायत र राजतन्त्र फाल्ने नेपाली नागरिकले सामाजिक संजाल चलाउन हैसियत बनाउनु पर्नेभयो ? विश्वकै उत्कृष्ट विश्वविद्यालयबाट अध्ययन गरिसकेका, अध्ययन गर्दैगरेका र तिनका नातेदार, आफन्तले फेसबुक चलाउन कस्तो हैसियत बनाउनुपर्छ ? साम्यवादको सपना देखाएर नेपाली आमा, दीदी, दाजुभाइ १७ हजार गुमाउन बाध्य पार्ने, अनि प्रधानमन्त्रीको कुर्सीमा बसेर गरिबीले पिल्सिएका सामाजिक संजाल फेसबुक चलाउने नेपालीलाई हेपेर क्रान्तिकारी प्रधानमन्त्रीले यस्तो बोलन्छन् त ? विश्वव्यापीकरण, समावेशी वृद्धि, संयोजनीयता, विश्वअभिशासन को जमानामा आफ्ना आर्थिक, राजनीतिक र सामाजिक क्रियाकलापको जबाफदेहिता, पारदर्शिता, कानुनी राज्यको अपहेलना र छिमेकी राज्य र सुप्रा, स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय पात्रसँग लम्पसार परेको लुकाउन, ढाक छोप गर्न गरिएको वा फालिएको 'ट्रोजन हर्स' हो। कि बेइमानी, मिचिएका मूल्य र मान्यता लुकाउने अश्त्र ? सूर्य नारायण छेकिन्छन् हत्केलाले ? कि विक्रमको २००० सालतिर जन्मिएका जो अहिले ७३ वर्ष लागे, जस्ले राणा, पंचायत, बहुदलीय र गणत्रन्त्र भेटे ती सबै हाम्रा प्रधानमन्त्रीका लागि मरे ? अनुसन्धानका पत्रहरू जले ? हैसियत र विकास जोड्ने अमर्त्य सेन जीवितै छन्।

हामी सामान्य नागरिक प्रश्न गर्छौं के देश तपाईं चलाउँदै हुनुहुन्छ ? कि राष्ट्र तेस्रो शक्तिले चलाउँदै छ ? हैसियत भन्नासाथ नेपालीको खुसी र सन्तुष्टि आउँछ। के यत्रो परिवर्तनपछि यो राज्यले दिएको छ ? के सन् १९९० पछिको बहुदलीय पद्धतिमा पार्टीहरुले नेपालीलाई आर्थिक, सामाजिक र राजनीतिक खुसी र सन्तोष दिएका छन् ? फेसबुक चलाउने बहुसंख्यक नेपालीको भन्दा पार्टी चलाउने तपाईं र अन्य पार्टीका नेतृत्वकर्ता केही सीमित व्यक्तिको राजनीतिक, आर्थिक र सामाजिक हैसियत हिजो र आज क्षमता र दक्षताको मूल्यांकन गर्न, नेपाली जनताले ज्यान अर्पेर तयार गरिदिएका सामाजिक पुँजीको विश्लेषण गर्न कठिन छैन। अमर्त्य सेनफगायतका समाज शास्त्रीले अनुसन्धान गरेर सहज जो बनाइदिएका छन्।

सेन कै शब्दमा व्याख्या र विवेचना गर्दा नेपालका राजनीतिक पार्टीका अहिलेका नेतृत्वकर्ता प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री र खुट्टो उचालेर प्रधानमन्त्री बन्न बसेकाको हैसियत सामाजिक पृष्ठभूम, श्रम बजार, विश्वव्यापीकरण, बजारको अवस्था र काम, संस्थागत पद्धति र संस्कार अनि नेतृत्वदायी क्षमताका आधारमा हैसियत कति हो ? सामाजिक, आर्थिक र राजनीतिक नीति, क्रियाकलाप, यहाँहरूको हातमा परेका लगानी, स्रोत र साधनको प्रयोग - दुरुपयोग, शक्तिको दुरुपयोग र व्यक्तिगत क्षमता आदि इत्यादिको हैसियत सजिलै निस्कन्छ। यस प्रक्रियामा नेपाली जनताले दिएको वातावरण, तपाईंहरूको दक्षताले अहिलेसम्म नेतृत्व तहमा रहनेको कार्य गराइ, क्षमता, कामप्रतिको लगाव र कार्य सम्पादन क्षमताले सामाजिक संजाल चलाउने नेपालीको होइन यहाँहरूको सामाजिक पुँजी र हैसियत छर्लंग बनाएको छ। के हामी सोध्न सक्छौं (लाउडा, सुडान र विद्युतीय आयोजनादेखि विकास आयोजनामा कमिसन र भ्रष्टाचार गर्ने हैसियत हो ? के साम्यवाददेखि प्रचण्ड पथ बोकाउँदै, सुरुंग कम्पनी खोली १७ हजार नेपालीको ज्यान लिनु यँहाको हैसियतभित्र नपर्नुपर्ने होइन ? महाकाली, पञ्चेश्वर, कर्णाली, अरुणजस्ता नदीनाला आफ्नो मुलुकलाई तल पारी अरूलाई जिम्मा दिनु कुन हैसियतभित्र लेखिएको छ ? शक्तिमा पुग्नासाथ ठूला पदमा रहेकालाई उपचार खर्चका नाममा करोडौं रुपियाँ बाड्नु कुन कानुनी दायरा र कुन हैसियतभित्र पर्छ ? विदेशी प्रधानमन्त्रीसँग राजदूत नराखी एक्लाएक्लै देशका बारे निर्णय लिनु, पूर्व मन्त्री, उपमन्त्री भएर विदेशी मन्त्रीका घोडा तबेलामा बैठक बस्न जाने हैसियतको कुन पुस्तकमा लेखिएको छ? राष्ट्रको प्रतिनिधित्व गर्दा पनि मर्यादाक्रमको ख्याल नराख्नु कहाँ र कुन हैसियतको पुस्तकमा लेखेको छ ?

जीवन पद्धति, राम्रापुराना संस्थागत संरचना तेस्रो शक्तिको स्वार्थका लागि भत्काउनु, तेस्रो शक्तिको स्वार्थ, नीति र उद्देश्य अनुरूप काम गर्नु, सामाजिक मूल्य र मान्यता, विश्वव्यापी मूल्यमान्यता राजनीतिक पार्टीको नेतृत्वमा बस्नेहरूले बिगारेका हुन् कि फेसबुक चलाउने नेपालीले ? विश्वव्यापी मूल्यमान्यताभित्रको नैतिक गुण हामीले स्खलित गराएका हौं ? लगातार चलिरहने जीवन पद्धतिमा सबैले बाँच्न पाउने, आफ्ना हकअधिकार उपभोग गर्न पाउने, स्वतन्त्रता र जीवन जगत् चलाउने जैविक अधिकार जोन स्मिथ, जेरेमी बेन्थम र जोन लकले विश्लेषण गरेर यो युगमा त्यो गर्न पाइँदैन भनेका छन् जुन सेनको क्यापाबिलिटी सिद्धान्त मुताबिक छ। त्यसैले व्यक्तिमात्र नभएर संस्था मानिने प्रधानमन्त्रीको कुर्सीमा बसेको व्यक्तिले नेपाली नागरिकको हैसियत खोजेर आफ्नो कमजोरी लुकाउन तानाशाही मोह देखाउनाले के अहिलेसम्म कमाएको सामाजिक पुँजी जोगिएला ? यसैलाई शक्तिको धमास भनेर जोसेप बुट्लर र थोमस हबिसले व्याख्या गरेकाछन्। यसले अधोगतिको संकेत गर्छ।

फेसबुकमा लेख्नेहरूले अबको युग सम्झाउन सत्य र तथ्य लेख्दा हैसियतको प्रश्न उठाउनेसँग यी माथिका प्रश्नको उत्तर भेटिँदैनन्। भाग्नुपर्ने अवस्था आउन सक्छ। अहिले समय र नाकाबन्दीको पृष्ठभूमिले तयार गरेको संयोजकता (कनेक्टिविटी), विश्वव्यापीकरणको अस्थिर अवस्थालाई तगारो हाल्न लाम्पसार पर्नु कुन सामाजिक, आर्थिक र राजनीतिक हैसियतको धारा र उपधाराभित्र पर्छ ? यी सबै विषयवस्तु केलाउन, मूल्यांकन गर्न सूचकांक प्रयोग गर्नु पर्छ। अझै प्रस्ट पारौं-मानव अधिकार र हैसियत सँगसँगै जाने २ तत्व हुन् भनेर व्याख्या गरेका छन्। यस युगमा जहाँ प्रत्येक राज्यभित्रका नागरिक संस्थागत सामिप्य, भौगोलिक सामिप्य सँगै स्थान र समय सुगठन (फ्रेमिङ)भित्र चलेका छन् त्यो कुनै पत्रकार, समाजसेवी र राज्यले रोकेर रोकिने अवस्थामा छैन। किनभने यो बाटो नवउदारवादी सिर्जनात्मक विध्वंशको बाटो हो। संस्थाभित्र रहेका प्रत्येक फ्याक्टरहरूले स्थानीय विकास, मानवीय विकास, आर्थिक वृद्धि सबै कुरा हैसियतसँग जोडिएको हुन्छ। तिनै सामाजिक, राजनीतिक, शैक्षिकक, आर्थिक हैसियत, दक्षता, प्रविधि र सीप भएका नेपालीले चलाएको हो सामाजिक संजाल (फेसबुक)। जघन्य अपराध गर्ने, सामाजिक मूल्य र मान्यता विरुद्ध लेख्ने र हाम्रो सामाजिक संरचना विरुद्ध बोल्ने मन्त्रीदेखि सामान्य नागरिकलाई एउटै कानुन हुनुपर्छ। सामाजिक, राजनीतिक, आर्थिक विभेद पार्टीगत भाग बन्डाका नाममा तपाईं पार्टी नेतृत्वमा बस्ने गरिरहनु भएको छ। यसको समाधान एउटै छ। त्यो हो-अर्थराजनीतिका नीति, उद्देश्यमा पारदर्शिता, सहभागिता, राज्यभित्र र विश्वव्यापकताभित्रको सुशासन, जवाफदेही कार्यान्वयन गर्नु गराउनु। अनिमात्र यसको समाधान हुनेवाला छ कि उत्तर कोरियाली शासन सापट लिये हुनेवाला छ। हैसियत र सामाजिक न्याय बारे अमर्त्य सेनले धेरै लेखेका छन्। त्यसको अध्ययन आजका शासकका लागि अनिवार्य छ। २०४६ सालपछिका पार्टीका नेतृत्व वर्ग र प्रधानमन्त्री दाहालको नेतृत्वदायी क्षमताभित्र रहेर आर्थिक, सामाजिक र राजनीतिक तथ्यांक शास्त्रको सूचकांक लगाउदा अक्स्फोर्ड विश्वविद्यालय का प्रोफेसर पाउल आनन्दले भनेजस्तो मानवीय जीवन सुखी र खुसी अनि आनन्दित बनाउने कार्य गरिएको पाइएला ? २००७ साल, २०३६ जनमत संग्रह, छिन्ताङ, हर्रेबर्रे, ओखलढुंगा, सुखानी, होलेरी, थवांग, ढाडमा टेकी घुचुकमा हान्ने, चेक खोसाखोस, प्रचण्ड पथ, मल्लिक आयोग, बाह्र बुँदे, ०४६ हुँदै उपप्रधानमन्त्रीका घरभित्रबाट ज्वाइँ टेलिफोन चोरी गरी बेच्ने हैसियत नाखोज्लान् ? सांसद्ले पुरुष भएर सुत्केरीको चक्की खाएको प्रेसक्रिप्सन सामाजिक संजाल फेसबुक चलाउने 'हैसियत नभएका' नेपालीले नखोज्लान् ? हैसियत नाप्न बहुआयामिक सूचकांकको आवश्यक पर्छ। मानवीय विज्ञानको क्षेत्रमा यो सबै शास्त्रसँग जोडिएको छ।

प्रधानमन्त्री संस्था हो। सार्वजनिक नेपाली जनताको हैसियत खोज्ने अधिकार ऊसँग हुँदैन। किनभने तिनै जनताको मानोले त्यो संस्था बनेको र पालिएको हुन्छ। प्रधानमन्त्री भन्ने संस्थालाई ज्ञान होस्-प्रत्येक हैसियत भएका नेपालीको साझा थलो सामाजिक सञ्जालमा आफ्ना भावना, विचार, आदशआदि पस्कन्छन। त्यहाँ पार्टीका नेताको भजनकिर्तन गरिँदैन। युवा पुस्ताले प्रजातन्त्रपछिको आर्थिक र सामाजिक विकास खोज्न थालेको देखिन्छ। अनुदार प्रजात्रन्त्रको विकृति, लम्पसार वाद, विश्वव्यापीकरणको नीति अन्तर्गतको दलालीकरण पद्धतभित्रको संयन्त्र, कर्मचारीतन्त्र को पुरानो संरचनाको अध्ययन गर्ने थलो पनि हो फेसबुक। आफ्नो स्पष्ट परिचय नबनाई हनुमान कारिता, कमिसन र भ्रस्टाचारमा लिप्त नेताको गुनगान गर्नेलाई पो कारबाही हुनुपर्ने हो। तर, यहाँ त उल्टो बग्दो छ गंगा।

# ट्रम्पले पश्चिमलाई ध्वस्तै पार्लान् त ?

✍ क्रिस प्याटेन

मेरो सम्पूर्ण राजनीतिक जीवन 'पश्चिम' भनिने जगत्मा बितेको छ। यो ठ्याक्कै पश्चिमै चाहिँ हैन। यसको मुख्य भूमि पश्चिम युरोप र अमेरिका हुन् भने दूरपूर्वका मुलुकहरू अस्ट्रेलिया र जापान पनि यसमा समावेश गरिएका छन्। यथार्थमा यो पश्चिम भन्ने समान मूल्य र आशा भएको एउटा समुदाय हो। दोस्रो विश्वयुद्धपछि अमेरिकी विश्व नेतृत्वको प्रतिविम्बका रूपमा पश्चिमको रक्षा अमेरिकाको सैन्य शक्ति र ज्ञान भण्डारबाट भएको थियो। र, यो संसारको सबैभन्दा शान्त र समृद्ध ठाउँ थियो।

पश्चिमले सायद अहिलेसम्म प्रचलित व्यवस्थामध्ये सबैभन्दा सफल विश्व व्यवस्थाको आधार प्रदान गरेको थियो। अमेरिकाको नेतृत्वमा पश्चिमले अन्तर्राष्ट्रिय संस्थाहरू, सहयोगका व्यवस्था र समान समस्याका लागि समान धारणजस्ता विषयको सिर्जना, निर्धारण र सञ्चालन गरेको थियो। विश्वका अधिकांश स्थानमा पश्चिमले शान्ति कायम राख्न र समृद्धि बढाउन सहयोग गरेकाले यसका अवधारणा र सिद्धान्तले लाखौं अनुयायीलाई आकर्षित गरेको थियो।

अमेरिकी राष्ट्रपति पदमा डोनाल्ड ट्रम्पको निर्वाचनले भने यो सम्पूर्ण प्रणालीमै चुनौती उपस्थित भएको छ। ट्रम्पले आफ्नो अशिष्ट र कपटपूर्ण चुनावी अभियानमा वाचा गरेका कुरा पदमा पुगेपछि पूरा गर्न खोजे भने अर्बौं मानिस लाभान्वित भएका र विकास हुन दशकौं लागेको अत्यन्त उच्च कोटीका उपलब्धिहरू ध्वस्त पार्न सक्नेछन्। अमेरिकीहरूसँगै यसबाट लाभान्वित हामी पनि यसमा धुकधुकी छँदैमा यसको प्रतिरक्षामा उभिनुपर्छ। ट्रम्पले कार्यान्वयन गर्न नहुने एउटा चुनाबी प्रतिज्ञा व्यापारको संरक्षणवाद हो। स्वतन्त्र व्यापार सम्झौता भंग गर्ने र नयाँ वार्ता नगर्ने अवधारणा अमेरिकी कामदार वर्गलाई पछाडि पार्ने आर्थिक असमानता बढाउने कारण विश्वव्यापीकरण हो भन्ने ठानेर बनाइएको हो। अमेरिकी कामदार वर्गको आर्थिक कष्टको वास्तविक कारण भने प्राविधिक विकास र कर तथा खर्च बढाउने धनीहरूलाई बढी फाइदा पुग्ने नीतिहरू हुन्। ट्रम्पले मेक्सिको र क्यानाडासँगको नर्थ अमेरिकन फ्री ट्रड एग्रिमेन्ट (नाफ्टा) बाट बाहिरिए, प्यासिफिक पार साझेदारी (ट्रान्स प्यासिफिक पार्टनरसिप) बाट विमुख भए र विश्व व्यापार संगठनलाई चुनौती दिए भने उनले आफूलाई मत दिने जनतालाई नै मर्कामा पार्नेछन्। अनि, विदेशमा मित्र र प्रभाव दुवै गुमाउनेछन्।

नाटोका साथै जापान र दक्षिण कोरियासँगको सुरक्षा व्यवस्थाबाट पछि हट्नु ट्रम्पले अपनाउन सक्ने अर्को डरलाग्दो नीति हुनसक्छ। ट्रम्पको पूर्वाग्रही दृष्टिकोणअनुसार अमेरिकाले मित्र राष्ट्रहरूलाई सित्तैमा सुरक्षा प्रदान गर्नु हुँदैन र उनीहरूलाई आफ्नो रक्षा आफैं गर्नका लागि छाडिदिनुपर्छ। व्यवहारमा यस्तो अडान अत्यन्त अस्थिरताजनक हुनसक्छ। पूर्वी युरोप र बाल्टिक राज्यहरू रुसको दयामा निर्भर हुनेछन्। र, एसिया तथा मध्यपूर्व आणविक विस्तारको जोखिममा पर्नेछ। अमेरिकाको आड नपाएपछि मुलुकहरूले आ-आफ्नै आणविक हतियार विकास हुनसक्छ। ट्रम्पले त यस्तो अवस्था पनि स्वीकार्य हुनेछ भनिसकेका छन्।

इरानसँगको आणविक सम्झौता भंग गर्ने ट्रम्पको आह्वानकै उदाहरण लिऊँ। इरानले आणविक कार्यक्रम फेरि सुरु गर्‍यो भने साउदी अरेयिबा चुप लागेर बस्छ भनेर कसैले सोच्न सक्छ ? अमेरिकाका राष्ट्रपति बाराक ओबामाको एउटा प्रमुख उपलब्धि इरानसँगको सम्झौताको आलोचनाले ट्रम्पलाई चुनावी अभियानका क्रममा त फाइदै भयो होला तर त्यो सम्झौता साँच्चै नै भंग गर्दा त्यसले संसारलाई धेरै बढी खतरनाक बनाउनसक्छ। ट्रम्पको जलवायु परिवर्तन सम्बन्धी दृष्टिकोण अर्को समस्यामूलक छ। उनले ग्रिनहाउस ग्यास प्रदूषण कम गर्न र विनाशकारी जलवायु परिवर्तनमा छेकबार लगाउने पेरिस जलवायु सम्झौताबाट बाहिरिने इरादा व्यक्त गरेका छन्। उनले जलवायु परिवर्तनका विषयको मुखर विरोधी मेरोन इबेललाई अमेरिकी वातावरण संरक्षण निकायको सुपरिवेक्षणको जिम्मेवारी सुमिपसकेका छन्।

ट्रम्पले मानवीय कारणबाट जलवायु परिवर्तनमा प्रभाव परेको धारणा चीनले अमेरिकी उद्योगहरूलाई कम प्रतिस्पर्धात्मक बनाउन फैलाएको हल्ला हो भन्ने तर्कहीन विश्वासमा आधारित छ। यो ट्रम्पले चीनमाथि लगाएको सामान्य आरोपमात्र हैन। विशेषगरी, व्यापारका हकमा चीनप्रति उनको विद्वेषपूर्ण दृष्टिकोणले अहिले नै तनावपूर्ण रहेको दुई पक्षीय सम्बन्धमा थप हानि हुनेछ र त्यसले बहुराष्ट्रिय अमेरिकी कम्पनी एवं अमेरिकाका मित्रहरूलाई उत्तिकै हानि पुर्याउँछ। ट्रम्पको राष्ट्रपतित्वले एक प्रकारको अस्तित्वमै संकट उत्पन्न पनि गर्दैछ। मुस्लिम, मेक्सिकन, महिला र अपाङ्गता भएका व्यक्तिहरूजस्ता पछाडि पारिएका समूहप्रति उनको अपमानजनक टिप्पणी अमेरिकाको मौलिक परिचय र विश्वमा स्थान तथा पश्चिमी मुलुकहरूलाई आबद्ध गर्ने मूल्यविपरीत हो।

अमेरिकी नेतृत्व समाप्त भयो भने सन् १९४५ पछिको विश्व व्यवस्थाको अन्त्य हुनेछ भन्ने जर्मन चान्सलर एन्जला मर्केल सबैभन्दा पहिले बुझेको देखिन्छ। ट्रम्पको विजयप्रति उनको प्रतिक्रिया सशक्त र प्रखर रहेको छ - 'जर्मनी र अमेरिका लोकतान्त्रिक मूल्यहरू, स्वतन्त्रता, कानुनको पालना र उत्पत्ति, छालाको रंग, धर्म, लिंग, यौनिक उत्प्रेरण वा राजनीतिक विचारमा भेदभाव नगर्ने मानवीय मर्यादाको सम्मानमा आधारित छ।' यिनै मूल्यमा आधारित रहेर ट्रम्पसँग सहकार्य गर्ने उनले घोषणा गरेकी छन्। अमेरिकाका सबै सहयोगी र मित्रहरूले सम्बोधन गर्नुपर्ने यसरी नै हो। मर्केलले जसरी नै हामी सबैले पश्चिमको मूल्य मान्यता र उपलब्धिका बारेमा दृढतापूर्वक उभिनुपर्छ। ट्रम्पले विधिको शासन र खुला समाजविरुद्ध कुनै क्रियाकलाप गरेमा त्यसको निन्दा गर्नुपर्छ। हामी मानवीयतालाई दूरगामी लाभ पुर्याउने खुला व्यापारका पक्षमा उभिनु पनि पर्छ। र, हामीले इरानसँगको आणविक सम्झौता कायमै राख्ने र संसारमा आणविक अप्रसारका पक्षमा पनि संघर्ष गर्नैपर्छ।

पूर्वी र मध्य युरोपमा रुसको दुस्साहसवादविरुद्ध दृढतापूर्वक उभिने प्रतिबद्धता दोहोर्‍याउनु पनि उत्तिकै आवश्यक छ। खासगरी, नर्थ एटलान्टिक ट्रिटीको धारा ५ लिथुवानिया, ल्याटविया, एस्टोनिया र पोल्यान्डलगायत अमेरिकाले अझै नेतृत्व गर्दैआएको सैनिक गठबन्धनका सबै सदस्यमाथि लागु हुन्छ भन्नेमा हामी स्पष्ट हुनुपर्छ। ( यसमा वर्षौंदेखि हाम्रो सामूहिक प्रतिरक्षा गर्नुपर्ने योगदानबाट विमुख हुँदै गएका नाटोका युरोपेली सदस्यहरूले उनीहरूको योगदान बढाए भने यसबाट सहयोग पुग्नेछ।) अन्त्यमा, हामी पश्चिमेलीहरू चीनको बनिया प्रवृत्ति र आन्तरिकरूपमा दमनकारी नीतिसँग हाम्रो असहमति जनाउन पछि हट्न हुँदैन तर साथै हामी चीनलाई पन्छाउने र हेप्ने हैन सहकार्य गर्न चाहन्छौं भन्ने पनि स्पष्ट पार्नुपर्छ।

यो 'पश्चिमी' अवधारणा अमेरिकाको सबैभन्दा उत्तम उपलब्धिमध्ये एउटा हो (यद्यपि, अरू धेरै मुलुकको पनि यसमा योगदान छ।) अमेरिकाले यो उपयुक्त, व्यावहारिक र प्रेरक उपलब्धिलाई इतिहासको रद्दीको टोकरीमा फाल्यो भने त्यो विश्वका निम्ति अमेरिकाले गरेको आत्मघातपूर्ण विध्वंश सिद्ध हुनेछ।

(अक्स्फोर्ड विश्वविद्यालयका कुलपति )

# उद्योग वातावरणमैत्री हुनुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १ मंसिर ।

वातावरणमैत्री विद्यमान कानुनका सम्बन्धमा वातावरण विभागद्वारा मंगलबार पोखरामा आयोजित पश्चिमाञ्चल विकास क्षेत्रस्तरीय अन्तर्क्रियामा वातवरणीय संरक्षणका लागि उद्योग वातावरणमैत्री बन्नुपर्नेमा जोड दिइएको छ। कार्यक्रममा नेपालको वातावरणीय कानुनका विविध पक्ष विषयको कार्यपत्र प्रस्तुत गर्दै वातावरण विभागका सिनियर डिभिजनल केमिस्ट शङ्करप्रसाद पौडेलले मुलुकमा वातवरणमैत्री कानुनको व्यवस्था भएपनि कार्यान्वयनको पक्ष फितलो भएको बताए ।

वातावरण मन्त्रालयले वातावरणीय संरक्षणका लागि पहल गर्दै आएको बताउँदै उद्योग व्यवसायीले उद्योग वातावरणमैत्री बनाउनुपर्नेमा जोड दिए। उद्योग दर्ताका क्रममा वातावरणमैत्री हुनेगरी सञ्चालन गर्ने भनिएपनि व्यवहारमा त्यो हुन नसकेको बताउँदै पौडेलले विशेष गरी क्रसर उद्योगले कानुनको परिपालन नगर्ने गरेको पाइएको बताए ।

उद्योग प्रतिष्ठानको मापदण्डको पालना एवम् वर्तमान वातावरणीय स्थितिका बारेमा कार्यपत्र प्रस्तुत गर्दै विभागका वातावरण निरीक्षक राजेश्वर पौडेलले वातावरण मन्त्रालयले वातावरण र उद्योग जोगाउन सँगसँगै कार्यक्रम अघि बढाएको बताए । उनले २६ चरणमा १३० वटा उद्योग तथा प्रतिष्ठानको स्थलगत अनुगमन तथा निरीक्षण गर्दा सञ्चालित उद्योग नियमानुसार वातावरण मैत्री नपाइएको स्पष्ट पारे । वातावरणको संरक्षणका लागि उद्योग वातावरणमैत्री बन्नु आवश्यक रहेकोमा उनको जोड थियो । सरोकारवाला मन्त्रालयबीच समन्वय गरी मापदण्ड पूरा गरेका उद्योगलाई प्रमाणपत्र दिनेबारे गृहकार्य भइरहेको उनले जानकारी दिए।

कास्कीका स्थानीय विकास अधिकारी बलराम ढकालले भावी पुस्तालाई स्वच्छ र स्वस्थ वातावरण प्रदान गर्नेबारे सबैले गम्भीरताका साथ सोच्नु आवश्यक भएको बताए। उद्योगी विनोद शर्माले राज्यले वातावरण मिलाएमा उद्योगको कुल मुनाफाको केही प्रतिशत रकम छुटचाएर वातावरण संरक्षणमा खर्च गर्न सकिने बताए ।

कार्यक्रममा पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न उद्योग तथा प्रतिष्ठानका सञ्चालक तथा प्रतिनिधि, सञ्चारकर्मीको उपस्थिति रहेको थियो । देशका पाँचवटै विकास क्षेत्रमा यस्ता कार्यक्रम सञ्चालन गरेर सरकार र उद्योगी बीचको समन्वयमा वातावरण संरक्षणमा योगदान पुऱ्याउन पहल गरिने वातावरण विभागले जनाएको छ ।

# खेलाडी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा १ मंसिर ।

दोश्रो हिरोज अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा पदक जित्न सफल नेपाली खेलाडीलाई नेपाल तेक्वान्दो एकेडेमी (एनटीए) ले बुधबार नगदसहित सम्मान गरेको छ । थाइल्यान्डको बैंककमा अक्टोबर २२ देखि २४ तारिखसम्म भएको प्रतियोगितामा नेपालले विभिन्न स्पर्धामा ४ स्वर्ण र उत्तिनै रजत जितेको थियो । विवेक श्रेष्ठ र पुष्पप्रसाद गौतमले समान १ स्वर्ण र १ रजत तथा चन्दु शाही र प्रतिज्ञा भण्डारीले समान १-१ स्वर्ण जितेका थिए । त्यस्तै तिलक लामा र अशोक खड्काले १-१ रजत जिते । अशोकले प्रतियोगितामा टिम प्रशिक्षक तथा व्यवस्थापकको भूमिका पनि निर्वाह गरेका थिए । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्ट र सदस्य उपेन्द्र पौडेलले खेलाडीलाई सम्मान पत्र र जनही नगद १० हजार रुपैयाँ प्रदान गरे ।

नगद पुरस्कार युनिटी तेक्वान्दो एकेडेमी, हङकङका अध्यक्ष दिल गुरुङ र मकाउमा रहेका तेक्वान्दो प्रशिक्षक कृष्णशरण कार्कीले प्रायोजन गरेका हुन् ।कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव विष्टले एनटीएका अध्यक्ष समेत रहेका अशोकलाई स्वयंसेवक प्रशिक्षकको नियुक्ति दिने प्रतिबद्धता व्यक्त गरे । 'अशोकले तेक्वान्दोको विकासका लागि एकल प्रयासमा धेरै गर्नुभएको छ । चोटका कारण उहाँले आफूले चाहे जस्तो खेलाडी जीवनलाई अगाडि बढाउन सक्नुभएन । तेक्वान्दो प्रतिको समर्पण र लगाएको कदर गर्दै परिषद्ले उहाँलाई तेक्वान्दो स्वयंसेवक प्रशिक्षकको नियुक्ति दिने घोषणा गर्दछु'-सदस्य-सचिव विष्टले भने ।

# गोर्खा बराह ज्वेलरी आफ्नै भवनमा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ मंसिर ।




गोर्खा एण्ड बराह ज्वेलरीको नयाँ शाखा पोखराको न्यूरोडस्थित आफ्नै भवनमा संचालनमा आउने भएको छ । सुनसरीको धरानमा २२ बर्ष अघि स्थापित बराह ज्वेलरी र गोर्खा कम्युनिटीको संयुक्त लगानीमा सञ्चालित गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिजले नयाँ शाखाको रुपमा न्यूरोडमा सेवा विस्तार गर्न लागेको हो । बुधवार पत्रकार सम्मेलन मार्फत दिएको जानकारी अनुसार झण्डै ८ करोडको लागतमा निर्मित्त भवनमा नुनदेखि सुनसम्मका हरेक सामान प्राप्त गर्न सकिनेछ । इण्डष्ट्रिजका अध्यक्ष हरिकुमार धमलाले सभागृहचोकस्थित ज्वेलरी पसल यथावत रहने र न्यूरोड स्थित भवनमा थप सेवा विस्तार गरिने जानकारी दिए । नयाँ शाखा मंसिर ३ गतेदेखि सञ्चालनमा आउने उनले बताए । इण्डष्ट्रिजले पाँचौ बार्षिकोत्सवको अवसर पारेर नयाँ शाखा सञ्चालन गर्नुको साथै तीन दिने गहना प्रदर्शनी समेत गर्ने भएको छ । मंसिर ३, ४ र ५ गते न्यूरोड स्थित शाखामा प्रदर्शनी हुने धमलाले बताए। उद्घाटन कार्यक्रमको अबसरमा ग्राहक मध्ये एक जनालाई गोलाप्रथाबाट सुनको सिक्का उपहार प्रदान गरिने बताइएको छ । त्यस्तै उद्घाटनको अबसरमा गहनाको ज्यालामा विशेष छुट दिने समेत इण्डष्ट्रिजले जनाएको छ । इण्डष्ट्रिजले सुनसरीको धरानदेखि काठमाडौं, पोखरा, नारायणगढ, हङकङ, युके तथा दुबईमा सेवा सञ्चालन गरिरहेको छ । सबै शाखा मार्फत अहिलेसम्म ५ सय ७५ जनाले प्रत्यक्ष रोजगारी पाएको र झण्डै तीन हजार यसमा निर्भर रहेको धमलाले बताए ।

स्थानीय स्तरमा रहेको निस्क्रिय पूँजीलाई लगानी गरी स्थानीय स्तरमै रोजगारीको अबसर प्रदान गर्ने लक्ष्य सहित इण्डष्ट्रिजले लगानी विस्तार गरिरहेको उनले बताए । गोर्खा एण्ड बराह ज्वेलरीले हालसम्म हरेक विलबाट ३० रुपैया छुट्याएर आर्थिक अभावको कारण विद्यालय जान नपाएको बालबालिकालाई सहयोग गर्दै आएको छ । अहिले चार जना छात्रवृत्तिमा अध्ययन गरिरहेको धमलाले बताए ।

त्यस्तै नि:शुल्क एम्बुलेन्स सेवा, सेवाग्राहीको लागि नि:शुल्क ट्याक्सी सेवा समेत सञ्चालन गरिरहेको गोर्खा कम्युनिटीका अध्यक्ष मेजर लक्ष्मी प्रसाद गुरुङले बताए । लगानी प्रबर्द्धन तथा रोजगारीको अबसर सिर्जना गर्नुको साथै सामाजिक काममा समेत अग्रसर हुँदै आएको उनले बताए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

# सडक महोत्सव सफल बनाउन छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १ मंसिर ।

अंग्रेजी नयाँ वर्षमा रेवान पोखराले हरेक वर्ष आयोजना गर्दै आएको पोखरा सडक महोत्सवको १८ औं संस्करणको मिति नजिकिदै गर्दा आयोजक रेवान पोखराले पोखराका पर्यटन सम्बद्ध विभिन्न संघ-संस्थाका पदाधिकारीहरुसंग छलफल गरेको छ । छलफलमा सहभागीहरुले पोखरा सडक महोत्सव पोखरेलीहरुको मात्र भनई राष्ट्रकै ठूलो पर्व बनिसकेकाले यसलाई सफल पार्न सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्ड पोखरा प्रमुख उदय भट्टराईले पर्यटन प्रवर्द्धनका लागि हुने यस्तो मेला महोत्सवलाई पर्यटन बोर्डले बिगतदेखिनै सहयोग गर्दै आएको जनाउँदै यसपटक पनि सहयोग गर्ने बताए । पोखरा पर्यटन परिषद्का अध्यक्ष सोम थापाले महोत्सव रेवान पोखराले आयोजना गरेतापनि यो समग्र पोखरेलीहरुकै साझा महोत्सव भएको उल्लेख गर्दै यसलाई सफल पार्न सम्पूर्ण संघसंस्थालाई आग्रह गरे । नाट्टा क्षेत्रिय संघ पोखराका उपाध्यक्ष सञ्जयकान्त सिग्देलले महोत्सव अवधिमा यातायात क्षेत्रमा बसको संख्या बढाएर भएपनि सहयोग गरिने बताए ।

कार्यक्रममा रेवान पोखराको सडक महोत्सवमा स्वास्थ्य तथा औषधी उपचारमा सहयोग गर्दै आएको नमस्ते अस्पतालका डा.मानबहादुर गुरुङ्ग, सामुदायिक सेवा केन्द्र जिल्ला समन्य समिति कास्कीका संयोजक विष्णु भट्टराई, एगा पोखराका अध्यक्ष पुष्कलबहादुर थापा, टेसा अध्यक्ष नारायण प्रसाद पौडेल, टुरिष्ट बुकसप एशोसिएशनका प्रेमप्रसाद शर्मा, पर्यटन यातायात समितिका अध्यक्ष वोबरजंग गुरुङ्ग, मितेरी क्लवका अध्यक्ष खेम पहारी लगाएतले १८ औं सडक महोत्सव सफल पार्न आ-आफ्नों क्षेत्रबाट व्यक्तिगत र संस्थागत सहयोग रहेन बताएका थिए ।

रेवान पोखराका अध्यक्ष चौबहादुर गुरुङ्गको अध्यक्षतामा सम्पन्न छलफल कार्यक्रममा महोत्सव संयोजक गोपीबहादुर भट्टराइले सहजिकरण गरेका थिए । १८ औं पोखरा सडक महोत्सव आउँदो पुष १३ देखि १७ गते सम्म पोखराको बैदामको साढे तीन किलोमिटर क्षेत्रमा सञ्चालन गरिने आयोजक रेवान पोखराले जनाएको छ ।

कर्मचारी चाहियो

| | |
|---|---|
| कुक | - २ जना |
| रिसेप्सनिष्ट | -२ जना |
| वेटर | - २ जना |
| मार्केटिङ सेल्स | -केही |
| किचन हेल्पर | -२ जना |
| सुरक्षा गार्ड | -२ जना |

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

टीका रिसोर्ट, लेकसाइड, पोखरा
फोन : ०६१-४६२०३३, ४६०२३३

# नेपालमा कफी खेती र यसको सम्भावना



भवानीप्रसाद शर्मा

नेपालमा वि.सं. १९९५ मा गुल्मी आँपचौर निवासी हीरा गिरीले वर्माबाट बिउ ल्याएर कफी खेतीको शुरुवात गरिएको थियो । यसैक्रममा पाल्पा, स्याङजा, पर्वत, अर्घाखाँची, कास्की, लमजुङ, तनहुँ, गोर्खा, ललितपुर, धादिङ, मकवानपुर, म्याग्दी, सिन्धुपाल्चोक, काभ्रे आदी जिल्लाहरुमा कफी खेतीको बिस्तार हुँदै गयो । भौगोलिक, हावापानी र माटोको हिसावले नेपालका मध्य पहाडि जिल्लामा अराविका कफीको राम्रो सम्भावना देखिएपछि इलाम, संखुवासभा, झापा, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर खोटाङ, उदयपुर, ओखलढुङ्गा, रामेछाप, सिन्धुली, नुवाकोट, पयूठान, रोल्पा दाङ, रुकुम, सल्यान, सुर्खेत, दैलेख डोटी, डडेलधुरा, रसुवा, खोटाङ र बैतडी जिल्लामा पनि व्यवसायीक कफी खेतीको शुरुवात भएको छ । यि वाहेक नेपालका अन्य मध्य पहाडमा पर्ने सबै जिल्लाहरुमा फाटफुट रुपमा कफी खेती भैरहेको छ ।

नेपालको विषेशत: मध्य पहाडी जिल्लामा कफि खेती गरिबी निवारण, रोजगारी सृजना, वातावरण सुरक्षा तथा दिगो आय आर्जन गर्ने एक लोकप्रिय खेतीको रुपमा स्थापित हुँदै आएको छ । हाल देशको मध्य तथा पश्चिम पहाडी जिल्लामा समुद्र सतहबाट ८०० मिटर भन्दा माथि हिउँ, तुषारो नपर्ने ठाउँसम्म लगाईएको कफी गुणस्तरीय कफिको रुपमा उत्पादन भई विदेश तर्फको निर्यातले देशको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्न सक्ने संकेत देखिएको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफिको माग दिनानुदिन बढ्दै गई राखेको परिप्रेक्षमा कफि उत्पादन क्षेत्रको बिस्तार गर्नुको उद्योगको समग्र विकास गर्नु आजको आवश्यकता रहेको छ ।

नेपालमा अहिले करिब गरी ३ हजार कृषकहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कफी खेतीमा लागेका छन् । २०७२को उत्पादन रेकर्ड अनुसार कुल १ हजार ७ सय ६० हेक्टर क्षेत्रफलमा करिव ४५० मे. टन ग्रीन वीन उत्पादन भएको छ । विश्व बजारमा नेपालबाट उत्पादित प्राङगारिक कफीको माग दिन प्रतिदिन बढी रहेको छ । कूल उत्पादन मध्ये ७० प्रतिशत कफी कोरिया, जापान, अमेरिका, जर्मनी निर्यात हुने गरेको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली कफीको मागलाई हिसाव नै गर्ने हो भने बार्षिक १० हजार मेट्रिकटन भन्दा बढी छ तर उत्पादन नै कम भएको कारण उक्त मागको ५ प्रतिशत पनि निर्यात हुन सकेको अवस्था छैन । नेपाली कफी निर्यातवाट बार्षिक करिव साढे ७ करोड वैदेशिक मुद्रा आर्जन गरेको छ तर अन्य मुलुकहरुबाट ९ करोड बरावरको विभिन्न ब्राण्डको धूलो कफी नेपाल आयात गरिन्छ । यसले के देखाउँछ भने अन्तर्राष्ट्रिय बजारमा मात्र नभई नेपाली बजारमा पनि नेपाली अर्गानिक कफीको माग बढीरहेको छ ।

**कफी विकासका र चरण तथा सरकारका प्रयास**

नेपालका केही जिल्लामा कफी खेतीको सम्भावना देखिएपछि २०३३ सालमा नेपाल सरकारले कृषि विकास बैक मार्फत भारतवाट अरेबिका जातको कफीको बिउ मगाई गुल्मी र बागलुङ जिल्लामा व्यवसायीक कफी खेतीको शुरुवात गराएको थियो । नेपालमा कफी खेतीको विस्तार एवं विकास गर्नको लागि सरकारले २०४१ सालमा गुल्मीको आँपचौरमा कफी बिकास केन्द्रको स्थापना गर्नुको साथै २०५० सालमा राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको साथै कफी तथा चिया विकास शाखा स्थापना भएपछि मात्र नेपालमा कफी खेतीले प्राथमिकता पाएको थियो । सरकारी क्षेत्रवाटै कफी खेतीलाई प्राथमिकतामा राखि कफीको विस्तार एवं विकास हुने क्रम बढ्दै गयो । सम्भावनाको हिसावले नेपाल अरेविका जातको कफी खेतीको लागि अत्यन्तै महत्वपूर्ण मानिन्छ । किनकी कुनै पनि कृषि उत्पादनको लागि मुख्य तथा ५ महत्वपूर्ण कुराहरु आवाश्यक पर्दछ र ति सबै कुराहरु नेपालका मध्य पहाडी सबै जिल्लाहरुमा सजिलै उपलब्ध छन् । तर यसको वारेमा जानकारी नहुँदा कस्तुरी हराएको मृग जस्तै बनिरहनु परेको अवस्था छ । हेरौ यि पाँच महत्वपूर्ण कुराहरु के के हुन् ।

**१. भौगोलिकता:** नेपालमा बिविध किसिमको भौगोलीक बनावट तथा हावापनी भएको हुँदा संसारका जुनसुकै देशमा लगाउन सकिने जुनसुकै जातका कफी लगाउन सकिने अवस्था छ । साथै भौगोलिक हिसावले हेर्ने हो भने नेपालको मध्य पहाडि जिल्लाको ८ देखि १७ सय मिटरसम्मको उचाईसम्म अराविका जातको कफी खेती गर्न सकिन्छ । अराविका जातको कफी खेतीका लागि आवाश्यक पर्ने ७० देखी ८० प्रतिशत सापेक्षिक आद्रता, १६०० देखि २५०० मिलिमिटरसम्म बर्षा र कम्तीमा १० देखी १२ घण्टा घाम लाग्ने र १५ देखी २५ डिग्रि सेन्टीग्रेड तापक्रम, अधिकासं उत्तर-पुर्वी र दक्षिण-पूर्वी मोहडा यहि भौगोलिक क्षेत्र भित्र पाईन्छ । नेपालका सबै पहाडी जिल्लाहरुमा कृषि लगायत ग्रामिण सडकका साथै यातायात संजालको बिकास हुने क्रम बढ्नुको साथै पछिल्लो समयमा सरकारका बिभिन्न कार्यक्रम अर्न्तगत सिंचाई, बिजुली सबै ठाउँमा पुगीसकेको कारण नेपालमा कफी खेतीको राम्रो सम्भावना देखिन्छ ।

**२. प्रबिधि**

प्रबिधिको हिसावले पनि अहिले नेपालमा नेपाल कफी व्यवसायी महासंघको प्रयासमा विभिन्न सरोकारवाला संघ संस्था, सहयोगी निकाय, दातृसंस्था तथा नेपाल सरकारका सरोकारवाला कार्यालयहरु सँगको समन्वयमा कफी पकेट क्षेत्र मानिएका बिभिन्न जिल्लाका करिब ३ सय भन्दा धेरै कफी प्राबिधिकहरु उत्पादन गरि सकेको अवस्था छ । नेपालमा कफी खेतकिो राम्रो सम्भावना देखेपछि धेरैले कफीमा विद्यावारिधि समेत गर्दैछन् । यो नेपालका लागि र नेपालमा कफी खेतीको विकासका लागि एउटा राम्रो पक्ष हो । प्रबिधिकै सन्दर्भमा कुरा गर्ने हो भने सूचना तथा संचार प्रविधिको विकासको कारण अहिले जो कोहिलाई पनि जुनसुकै ज्ञान हासिल गर्न समस्या देखिदैन ।

**३. लगानी**

जुनसुकै व्यवसाय संचालन गर्नका लागि पूँजी महत्वपूर्ण कुरा हो । पुँजी बिना व्यवसायीकताको कल्पना समेत पनि गर्न सकिदैन । नेपाल राष्ट्र बैकले नेपाल सम्पूर्ण बैक तथा बित्तिय संस्थाहरुलाई कुल लगानीको १५ प्रतिशत रकम कृषि क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने निति बनाएको छ । तर बैक तथा बित्तिय संस्थाहरुले कृषिमा लगानी गर्ने भरपर्दो माध्याम फेला पार्न सकिरहेका छैनन् । अर्को राजधानी शहर देखी गाउँ गाउँ सम्म सरकारी संस्थाहरु छ्यापछ्याप्ती खोलिएका छन् । ति सहकारीहरुले पनि लगानीको भरपर्दो क्षेत्र भेटाउन सकिरहेको अवस्था छैन । त्यतिमात्र होईन बेला बेलामा बिभिन्न बैकहरुले शेयर खुल्ला गर्दा शेयर किन्नेको लाम नै लाग्दछ । यसले के देखाउँछ भने नेपालको कृषि क्षेत्र अथवा तोकेरै भन्नु पर्दा कफी खेतीको लागि ऋण दिने वा लगानी गर्ने निकायहरु जति पनि पाईन्छन् । तर यसतर्फ कसैले पनि ध्यान दिएको पाईदैन ।

**४. बजार**

कुनै पनि उत्पीदत बस्तुको बजार सबैभन्दा महत्वपुर्ण कुरा हो । उत्पादीत बस्तुको बजार भएन भने सबै कुरा निरर्थक हुन्छ । नेपालमा उत्पादन गरिने अरेविका जातको कफी सबैभन्दा महंगो र गुणस्तरीय कफी हो । उच्च स्थानमा उत्पादन गरेको कफीको माग विश्व बजारमा निकै छ । पछिल्लो समयमा आएर नेपालमा खुलेका क्याफे तथा कफी हाउस एवं स्तरिय होटलमा नेपाली अर्गानिक कफीको प्रयोगको कारण नेपालको कफीले नेपाली बजारलाई पनि धान्न नसकेको अवस्था छ । यसको साथै नेपालमा खुल्दै गएका कफी कम्पनीको कारण पनि उत्पादीत कफी बिदेशमा नै पठाउनु पर्छ भन्ने छैन । हुन त नेपालमा उत्पादित कफी मध्ये करिब ६० प्रतिशत निर्यात हुन्छ र ४० प्रतिशत मात्र नेपालमा खपत हुने गरेको छ ।

नेपालमा उत्पीदत कफी बिदेश निर्यात भए पछि नेपाली बजारको लागि भारतवाट वा इटालियन कफीको आयात भैरहेको अवस्था छ । पछिल्लो रेकर्ड अनुसार नेपालमा बार्षिक ४५० मेट्रिक टन कफी उत्पादन हुन्छ भने आन्तरिक तथा बह्य मागलाई हेर्ने हो भने १० हजार मेट्रिक टन भन्दा बढीको बार्षिक माग भैरहेको पाईन्छ । यसवाट के बुझ्न सकिन्छ भने उत्पादीत कफीको लागि आहिले मात्र होईन वर्षौं वर्षसम्म पनि बजारको अभाव देखिदैन ।

**५. श्रम**

कुनै पनि बस्तु तथा सेवाको व्यवसायीक उत्पादनको लागि श्रम एक महत्वपुर्ण पक्ष हो । श्रम शक्ति भएन भने उत्पादन हुन सक्दैन । रोजगारको नाउँमा नेपालवाट बर्षेनी लाखौ युवा शक्तिहरु बिदेश पलायन भैरहेका छन् । यसरी बिदेश पलायनको कारण नेपाली उत्पादनमा निकै ठूलो ह्रास आएको छ भने घरको मुली अथवा छोराहरु नै विदेशिएपनि घर परिवारमा बिबिध समस्याहरु समेत देखिएका छन् । यहि व्यवसायीक कफी खेतीको शुरुवात गर्ने हो भने बाध्यतावस बिदेश पलायन हुनेहरुको लागि एउटा महत्वपुर्ण अवसर बन्नुको साथै नेपाली उत्पादनलाई पनि ठुलो टेवा मिल्ने देखिन्छ । धेरै देशहरुले अन्य मुलुकवाट कामदार लगेर उद्योग, कृषि लगायत विभिन्न व्यवसाय चलाउँछन् भने हाम्रो देशमा आफ्नै नागरिक सँग भएको श्रम शक्तिलाई पनि उपयोग गर्न सकिरहेको अवस्था छैन ।

माथिका ५ तथ्यवाट के कुराको प्रष्ट हुन्छ भने हामिले एक पटक गम्भीर भएर सोच्यौं भने कफी खेतीवाट आफू व्यवसायिक हुने मात्र होईन देशका बेरोजार जनशक्तिलाई रोजगारको अवसर मिल्न सक्छ । स्वेदशमै बसेर पनि बिदेशी धन आर्जन गरि देशको अर्थतन्त्रलाई समेत बलियो बनाउँदै देशलाई सम्बृद्ध बनाउनका लागि कफी खेतीले ठूलो सहयोग गर्दछ ।

Study in Japan
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply .
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

पाइल्स, फिस्टुला, फिसर तथा पट सम्बन्धि विशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति मंसिर २ गते बिहीबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्

हाम्रो सेवाहरु:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।

बिरामी जाँच्ने समय : बिहान ९ बजेदेखि ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा